# नवदुर्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल ।

पत्र संख्या:- २०७७।०७८
च. नं:-

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश नेपाल

मिति २०७८।०३।०३

श्री सरोकारवालाहरु सबै,

विषय : कार्यक्रम तथा योजना फरफारक गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकामा आ.व २०७७।०७८ मा संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु लगायत अन्य आर्थिक कारोबारहरुको अन्तिम भुक्तानिका लागि आवश्यक कागजातहरु २०७८।०३।१५ गत्ते भित्र यस कार्यालयमा पेश गरि सक्नुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानि दिई निकासा र खर्च अध्यावधिक गरि भुक्तानि निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेकाले २०७८ असार १५ पछाडि संघ तथा प्रदेश सरकार बाट प्राप्त सशर्त, विशेष र सम्पुरक अनुदानको खर्च हुन नसकेको रकम एकीन गरि असार २३ गत्ते भित्र रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रक कार्यालय डडेलधुरामा पेश गर्नुपर्ने र भुक्तानिमा गरिएका कर कट्टीहरु समेत दाखिला गर्नुपर्ने तथा आ.व २०७७।०७८ को आय व्ययको हिसाब भिडान गर्नुपर्ने भएकाले तोकिएको समय सीमा पछाडि पेश हुन आएका भुक्तानिका फाइलहरु उपर कुनै पनि कारबाहि नगरिने र गाउँपालिकाको कार्यालय जिम्मेवार नहुने कुरा यसै सूचना ,मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै समयमा चेक साट्न नसकि रद्द भएमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारी गराउदै यथाशिघ्र चालु आर्थिक वर्षमा जारी गरिएका चेकहरु साटी हिसाब मिलानमा सहयोग गरिदिन हुन समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

२०७८।०३।०२

(.................................)
सिद्धराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत